* किशोरी बालिकाहरुलाई स्वास्थ्य, पोषण, व्यक्तिगत स्वच्छता, किशोरी, प्रजनन शिक्षा, लिंग भेद, घरको बजेट समय प्रबंधन आदि विषयमा जागरुक गराउनु।
* किशोरीहरुलाई अत्यावश्यकीय उपयोगी सेवाहरु जस्तै हुलाक, बैंक, पुलिस थाना, आर्थिक स्वावलम्बन गतिबिधि आदि विषयमा जानकारी गराउनु।
* स्कुल त्यागिसकेका किशोरीहरुलाई पुन: शिक्षाको मुख्यधारामा फर्काई ल्याउनु आदि।

## जननी सुरक्षा योजना

स्वास्थ्य एवं परिवार कल्याण मंत्रालय, भारत सरकारका धेरै महत्वपूर्ण योजनाहरु राष्ट्रिय ग्रामीण स्वास्थ्य मिशनद्वारा संचालित भैरहेका छन। यी योजनाहरुमा धेरैजसो कल्याणकारी योजना सामेल छन्। जननी सुरक्षा योजना तिनै बिचको एउटा हो। यो योजना सहरी एवं ग्रामीण दुवै क्षेत्रमा लागु छ।

**योजनाको उद्देश्य :**

* मातृ तथा शिशु मृत्यु दर घटाउनु।
* संस्थागत प्रसवलाई प्रोत्साहित गर्नु आदि।

## नि:शुल्क कानुनी सहायता

भारतीय संविधानको अनुच्छेद 39-क अनुसार कुनैपनि व्यक्ति आर्थिक वा कुनै कारणले न्याय प्राप्त गर्नबाट वंचित हुँदैन। यहि उद्देश्यपूर्तीको निम्ति केन्द्र, राज्य एवं जिल्लास्तरमा कानुनी सेवा प्राधिकरण गठन गरिएको छ।

**उद्देश्य :**

गरीब, असहाय व्यक्तिहरुलाई न्यायालयमा उनिहरुविरुद्ध चलिरहेको मामिलाको निम्ति नि:शुल्क कानुनी सहायता उपलब्ध गराउनु।

## साक्षर भारत कार्यक्रम

भारत सरकारद्वारा 8 सेप्टेम्बर 2009, अन्तराष्ट्रिय साक्षरता दिवस कै दिन साक्षर भारत को शुभारंभ गरिएको हो। देशका 15 वर्ष देखि माथिल्लो उमेरका कम्ति पनि 80 प्रतिशत पुरुष-महिलालाई साक्षर बनाउने उद्देश्यले साक्षर भारत कार्यक्रम सुरु गरिएको हो।

साक्षर भारत कार्यक्रमद्वारा महिला तथा पुरुष बिच साक्षरताको अंतर घटाउने प्रयास गरिएको छ। कार्यक्रममा विशेषरुपले ग्रामीण महिलाहरु, अनुसूचित जाति, अनुसूचित जनजाति अल्पसंख्यक, अन्य बंचित वर्ग र किशोर वर्गका युवक-युवतिहरुमाथि ध्यान केन्द्रित गरिएको छ। साथै आदिवासी क्षेत्रहरु लगायत साक्षरताको दर थौरै भएका जिल्लाहरुमा साक्षर भारत कार्यक्रमलाई धेरै प्राधान्य दिईएको छ।

**साक्षर भारत कार्यक्रमको उद्देश्य :**

* 15 वर्षदेखि माथिल्लो उमेरका सबै स्त्री-पुरुषलाई साक्षर बनाउनु।
* नवसाक्षरहरुले बुनियादी शिक्षा हासेल गेरपछि पनि शिक्षा जारी राख्न सकून त्यसका लागि अवसरहरु उपलब्ध गराउनु।
* नवसाक्षरहरुले आफ्नो जीवनमा सुधार ल्याउन सकून, आफ्नो आय बढाउन सकून त्यस्को निम्ति उनिहरुलाई विभिन्न कौशल प्राप्त गर्नमा सहायता गर्नु आदि।

## जन शिक्षण संस्थान

जन शिक्षा संस्थानले जिल्ला स्तरमा कौशल विकास प्रशिक्षण दिने कार्य गर्दछ। यो संस्था देशका 272 वटा जिल्लामा स्थापित गरिएको छ। यी संस्था मानव संसाधन विकास मंत्रालय, भारत सरकारको स्कुल शिक्षा एवं साक्षरता विभागद्वारा प्रायोजित छ। संस्थाको कार्यक्षेत्र सहरी, अर्धसहरी, औद्योगिक क्षेत्र एवं ग्रामीण अंचलसम्म छ।

**संस्थाको उद्देश्य र लक्ष्य :**

* 15 देखि 35 वर्ष उमेरसम्मका युवाहरुलाई औपचारिक व्यवसायिक प्रशिक्षण दिएर स्वावलम्बी बनाउनु।
* यसको मुख्य लक्ष्य हो सहरी ग्रामीण जनसंख्या, विशेषगरि-नवसाक्षर, अर्द्धसाक्षर, अनुसूचित जाति-जनजाति वर्ग, महिला एवं बालिकाहरु सबैलाई नै कौशल विकास प्रशिक्षण उपलब्ध गराई स्वावलम्बी बनाउनु।

## राष्ट्रिय ग्रामीण आजीविका मिशन

राष्ट्रिय ग्रामीण आजीविका मिशनको मुख्य लक्ष्य ग्रामीण क्षेत्रका सबै गरीब (बी पी एल) परिवारलाई आजीविकाको स्थायी अवसर उपलब्ध गराउनु हो।

**उद्देश्य :**

* ग्रामीण क्षेत्रका गरीब परिवारलाई संगठित गर्नु।
* आफ्नो खुट्टामा उभिन सक्नेगरि कौशल विकास प्रशिक्षण दिनु।
* स्व-रोजगारको निम्ति ऋण एवं अन्य सहायता उपलब्ध गराउनु आदि।


सत्यमेव जयते

**न्याय विभाग**

**विधि तथा न्याय मन्त्रालय, भारत सरकार**

साक्षर भारत

**राज्य स्रोत केन्द्र असम**

**राष्ट्रिय साक्षरता मिसन प्राधिकरण**

**मानव संसाधन विकास मन्त्रालय, भारत सरकार**

website :: www.srcguwahati.in


साक्षर भारत

कानुनी साक्षरता शृंखला-11

# भारत सरकारका प्रमुख योजनाहरु

# भारत सरकारका प्रमुख योजनाहरु

सामान्य वर्ग लगायत, अनुसूचित जाति, अनुसूचित जनजाति, अल्पसंख्यक, महिलाहरु सबैको भलो हुनेगरि भारत सरकारले विभिन्न योजनाहरु लागू गरेको छ। यसबिच कतिपय योजनाहरु यसप्रकार छन।

## छोरी बचाऔं छोरी पढाऔं

भारतमा विगत केहि वर्षमा स्त्री–पुरुषको अनुपात असंतुलित भएको छ। देशमा अहिले 1000 जाना पुरुषका विपरित 943 जना महिला छन। यसै कारणले गर्दा 15 अगस्त 2014 का दिन प्रधानमंत्रीले छोरी बचाऔं छोरी पढाऔं योजनाको सुभारम्भ गरे। यस योजनाको देख–रेखको जिम्मा महिला एवं बाल विकास मंत्रालयको हात सुम्पिएको छ भने परिवार कल्याण मंत्रालय, स्कुली शिक्षा एवं साक्षरता विभागले यस्लाई सहयोग पुर्‍याउने काम गर्छन्।

**योजनाको मुख्य उद्देश्य :**

- थोरै कन्या शिशु रहेका 100 वटा जिल्लामा कन्या शिशु जन्म दर बढाउनु।
- 5 वर्षभन्दा कम्ति उमेरका कन्या शिशुको मृत्यु दर 8 देखि 5 प्रतिशत घटाउनु।
- कन्या शिशुलाई पौष्टिक आहार उपलब्ध गराउनु।
- शिक्षाको हर स्तरमा छोरीको संख्या बढाउनु।
- 2017 सनसम्म प्रत्येक स्कुलमा छोरीहरुको निम्ति शौचालय निर्माण गर्नु।
- यौन उत्पीडनबाट सुरक्षा प्रदानको उपाय गर्नु।

## प्रधानमंत्री जन धन योजना

माननीय प्रधानमंत्री नरेन्द्र मोदीले 2014 सनको 15 अगस्तका दिन प्रधानमंत्री जन धन योजनाको सुभारम्भ गर्नु भएको थियो। वित्त संबंधी यो एउटा राष्ट्रिय मिशन हो।

**प्रधानमंत्री जन धन योजनाको लाभ :**

1. जीरो बेलेन्स अकाउण्ट।
2. रुपे डेबिट कार्डको सुविधा।
3. 1 लाख रुपियाँको दुर्घटना बीमा सुरक्षा।
4. खाता खोलिएपछि संतोषजनक संचालन गरेमा ओवर ड्राफ्टको सुविधा।
5. खाता खोल्दा न्युनतम धनको आवश्यक हुँदैन।

## स्वच्छ भारत अभियान

भारत वृहत जनसंख्याले भरिएको देश हो। हर मानिसले प्रतिदिन धेरै मात्रामा सड़क, नदी, नाला आदिमा मुक्त रुपले फोहोर फयाँक्ने गर्छन, जस्लेगर्दा सम्पूर्ण परिवेश नै दूषित हुनथालेको छ। भारत सरकारले यो समस्या समाधानको निम्ति 2014 सनको 2 अक्टोबरदेखि स्वच्छ भारत अभियान सुरु गरेको छ। यस अभियानको मुख्य उद्देश्य हो :

- खुल्ला ठाउँमा शौच बन्द गर्नु गराउनु।
- फ्लशयुक्त शौचालय निर्माण गराउनु।
- हातले फोहोर उठाउने काम बंद गराउनु।
- जनतालाई जनभागीदारी बोध गराउनु।
- फोहोरहरु एकठाउँमा जमा गरी त्यस्को समाधान गर्नु।

## सर्वशिक्षा अभियान

प्राथमिक शिक्षा सर्वव्यापि गराउने उद्देश्यले भारत सरकारले यसमा केहि गराएको छ –

- राष्ट्रिय पाठ्यक्रम 2005 अनुसार, पाठ्यक्रम, शिक्षकहरुको प्रशिक्षण व शैक्षणिक योजना व प्रबंधन गरियोस्।
- समाजका विशेषगरि अनुसूचित जाति जनजाति, मुस्लिम अल्पसंख्यक, विशेष आवश्यक भएका एवं वंचित समुदायका बालक–बालिका, मजदूर समुदायका बालक–बालिका सबैले नै शिक्षा प्राप्त गर्न सकून्।
- महिलाहरुले सजिलै शिक्षा प्राप्त गर्नसक्नेगरि पाठ्यक्रममा परिवर्तन लगाउन सकियोस्।
- माता–पिता, शिक्षक, शैक्षणिक प्रबंधन र अरु व्यक्तिहरुमा शर्वशिक्षाको व्यापकता बढाउन सकियोस्।

## राष्ट्रिय साधन सह–योग्यता छात्रवृत्ति योजना

- शिक्षाबाट वंचित समुदायहरुलाई शिक्षाको मुख्यधारामा जोड्ने उद्देश्यले 2008 सनमा राष्ट्रिय साधन सह–योग्यता छात्रवृत्ति योजना सुरु गरिएको हो।

**यस योजनाका मुख्य उद्देश्य–**

- गरिबीले गर्दा कक्षा आठको शिक्षा समाप्त नहुँदै बिचैमा स्कुल छोड्ने छात्र छात्राहरुको संख्या घटाउनको निम्ति प्रतिभाशाली छात्र छात्राहरुलाई छात्रवृत्ति प्रदान गर्नु।
- माध्यमिक एवं उच्चतर माध्यमिक स्तरमा पढाई जारी राख्न छात्र छात्रालाई प्रेरित गराउनु।

## मध्याह्न भोजन योजना

गरीब एवं वंचितवर्गका छात्र छात्राहरु सधैं स्कुलमा उपस्थित रहून। उनिहरुले सधैं पौष्टिक आहार प्राप्त गरुन, त्यस्को निम्ति 15 अगस्त 1995 मा मध्याह्न भोजन योजना सुरु गरिएको हो। यस योजनालाई सन 2008–2009 मा राष्ट्रिय स्कुल मध्याह्न भोजन योजना नामले नामांकित गरिएको हो।

**यस योजनाको मुख्य उद्देश्य :**

- कक्षामा छात्र छात्रा भोकोपेट रहन नपरोस्।
- छात्र छात्राहरुको स्वास्थ्य उत्तम बनोस्।
- स्कुलमा छात्र छात्राहरुको उपस्थिति एवं संख्या बढोस्।
- सामाजिक क्षमता बढाउनु–विशेष रुपले छात्राहरुलाई (पेटभरि) आहार खुवाउनु।
- आहार तयार पार्ने काम महिलाहरुले प्राप्त गरुन आदि।

## राष्ट्रिय माध्यमिक शिक्षा अभियान

छात्र छात्राहरुलाई प्राथमिक शिक्षापछि माध्यमिक शिक्षातर्फ अग्रसर हुनमा प्रोत्साहित गराउने उद्देश्यले सन 2009–10 मा राष्ट्रिय माध्यमिक शिक्षा अभियान सुरु गरिएको हो।

**यस अभियानका मुख्य उद्देश्यहरु यसप्रकार छन् –**

- माध्यमिक शिक्षाको स्तर बढाउनु।
- एक समान शिक्षाद्वारा सामाजिक आर्थिक लगायत अपांगताको समस्याहरु समाधान गर्नु।
- स्कुलमा छात्र छात्राको पंजीयन 75 प्रतिशतसम्म बढाउनु।
- 12 औं पंचवर्षीय योजनाको समाप्तिसम्म माध्यमिक स्तरको शिक्षा सबैलाई उपलब्ध गराउनु आदि।

## महिला समाख्या

महिलाहरुको सामाजिक स्थितिमा सुधार ल्याउन एवं महिलाहरुलाई सशक्त बनाउने उद्देश्यले सन 1988–89 मा महिला समाख्या योजना सुरु गरिएको हो। यो योजना राष्ट्रिय शिक्षा नीति अन्तर्गत बनाइएको हो।

**योजनाको उद्देश्य –**

- महिलाहरुलाई शिक्षा एवं अरु विभिन्न क्षेत्रमा सशक्त बनाउनु।
- परिवार, समुदाय, पंचायत र ब्लक स्तरमा मानिसहरुलाई जागरुक गराउनका लागि विभिन्न कार्यक्रमको आयोजना गर्नु आदि।

## सबला योजना

महिला एवं बाल विकास मंत्रालयले सन 2000 देखि किशोरीहरुको निम्ति विभिन्न योजना जारी राखेको छ। यी योजनाहरुद्वारा 1 देखि 18 वर्ष उमेरका किशोरीहरुको पोषण एवं स्वास्थ्यमा सुधार ल्याउनु, उनीहरुलाई व्यवसायिक कौशलमा दक्ष बनाउनु, स्वास्थ्य, व्यक्तिगत स्वच्छता एवं परिवार कल्याण विषयहरुबारे जागरुक गराउनु आदि प्रयासहरु सामेल छन्।

**योजनाको उद्देश्य :**

- 11 देखि 18 वर्ष उमेरका स्कुल जाने र स्कुल त्यागिसकेका सबै किशोरीहरुको स्वास्थमा एवं पोषण स्तरमा सुधार ल्याउनु।
- किशोरी बालिकाहरुको जीवन कौशल, घरेलु कौशल एवं व्यवसायिक योग्यतामा सुधार ल्याउनु।